मिति २०७८/२/१९ मा बसेको मन्त्रिपरिषद् बैठक संख्या ११२/२०७८ को निर्णयः-

१. सुदूरपश्चिम प्रदेश सभाको आठौं अधिवेशन आह्वान गर्ने सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"नेपालको संविधानको धारा १८३ को उपधारा (१) बमोजिम प्रदेश सभाको आठौं अधिवेशन मिति २०७८/२/२१ गते शुक्रवार अपरान्ह ३:०० बजे देखि शुरु हुने गरी आह्वान गर्नको लागि माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने ।"

२. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/७९/३९७-२०७८/२/१९ को "महाकाली अस्पताललाई प्रादेशिक अस्पतालमा स्तरोन्नती सम्बन्धी प्रस्ताव स्वीकृत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"हाललाई साविककै संगठन संरचना भित्र रही भविष्यमा समेत थप आर्थिक दायित्व नपर्ने गरी महाकाली अस्पताललाई महाकाली प्रादेशिक अस्पताल  नामाकरण मात्र गर्ने ।"

३. सामाजिक विकास मन्त्रालयको प्रस्ताव नं. ७/८०/३९८-२०७८/२/१९ को "प्रदेश खेलकुद परिषद्को सदस्य मनोनीत गर्ने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५८/३९९-२०७८/२/१९ को "औषधी उपचार रकम भुक्तानी दिने" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"प्रस्तावमा लेखिए बमोजिम गर्ने ।"

५. आन्तरिक मामिला तथा कानून मन्त्रालयको प्रस्ताव नं. २/५९/४००-२०७८/२/१९ को "प्रदेश सञ्चार रजिष्ट्रार सम्बन्धी (गठन) आदेश, २०७७ को मस्यौदा स्वीकृति" सम्बन्धी प्रस्तावमा देहाय बमोजिम गर्नेः-

"छलफल र आवश्यक परिमार्जन सहित समितिबाटै "प्रदेश सञ्चार रजिष्ट्रार सम्बन्धी (गठन) आदेश, २०७७" स्वीकृत गर्ने गरी मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा पठाउने। ।"

६. माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश,२०७८ बमोजिम प्रदेश निर्देशक समिति गठन गर्ने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश,२०७८ को दफा १६ को उपदफा (१) बमोजिम देहायको **सुदूरपश्चिम प्रदेश निर्देशक समिति** गठन गर्ने-

देहायः-

| | |
|---|---|
| मुख्यमन्त्री | - अध्यक्ष |
| आर्थिक मामिला मन्त्री | - सदस्य |
| सामाजिक विकास मन्त्री | - सदस्य |
| आन्तरिक मामिला तथा कानून मन्त्री | - सदस्य |
| प्रमुख सचिव | - सदस्य |
| प्रदेशस्थित ४ वटै सुरक्षा निकायका प्रमुख | - सदस्य |
| स्वास्थ्य निर्देशक, स्वास्थ्य निर्देशनालय | - सदस्य |
| प्रमुख मेडिकल सुपरिन्टेन्डेण्ट,सेती प्रादेशिक अस्पताल | - सदस्य |
| सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रशासन तथा बैठक महाशाखा | - सदस्य सचिव। " |

७. माननीय मुख्यमन्त्रीज्यूबाट बैठकमा प्रस्तुत भएको राहत प्रदान गर्ने सम्बन्धी मौखिक प्रस्तावका सम्बन्धमा देहाय बमोजिम गर्नेः-

"मिति २०७८/२/१४ गते राती डोटी जिल्ला आदर्श गाउँपालिका वडा नं. ४ रोडी बस्ने सन्तोष भाटकी श्रीमती लक्ष्मी भाट र निजको छोरी अन्जु भाटलाई सुतिरहेको अवस्थामा सोही राती ज्यान लिने मनशायले अज्ञात व्यक्ति/समूहले प्रज्वलनशील तरल पदार्थ कोठाभित्र खन्याई आगो फाली कोठामा सुतेका लक्ष्मी भाट र निजको छोरी जली घाईते भएको घटनाप्रति प्रदेश सरकारको तर्फबाट दुःख व्यक्त गर्दै निज घाईतेहरुलाई तत्काल २ लाख रुपैयाँ राहत रकम प्रदान गर्नका लागि आर्थिक मामिला मन्त्रालयले आन्तरिक मामिला तथा कानून मन्त्रालयलाई रकम निकासा गर्ने।"

२०७८/२/१९

प्रमुख सचिव